स्थानिय राजपत्र

भाग-१

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

अपिहिमाल गाउँपालिका

खण्डः ६ संख्याः ३ मिति : २०७९/०३/११

राजपत्रको प्रकाशन मिति २०७९।०३।१३

अपिहिमाल गाउँपालिका

सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

भाग-१ खण्ड ६ संख्या ३

गाउँ सभाबाट स्वीकृत मितिः-	२०७९/०३/११

अपिहिमाल गाउँपालिका

दार्चुला जिल्ला

सुदुरपश्चिम प्रदेश

सार्वजनिक निजी साझेदारी सम्वन्धी ऐन, २०७९

सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र संचालन तथा सार्वजनिक सेवा प्रवाह गरी मुलुक बृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिमको गाउँसभाले यो ऐन बनाएकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**(१) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी सम्वन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३३ बामेजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख)"अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमति प्राप्त निजी निकाय सम्झनु पर्छ ।

(ग)"अध्यक्ष" भन्नाले कार्यपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "अनुमानित आयोजना लागत" भन्नाले देहाय बमोजिम जुन बढी हुन्छ, सो लागतलाई जनाउनेछ ।

(१) आयोजना कार्यान्वयन गर्ने निकायले संभाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम, वा

(२) संभाव्यता अध्ययनका क्रममा उल्लिखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खुद वर्तमान मुल्य (पछिल्लो सरकारी क्रणपत्रको दरमा दुई प्रतिशत थप गर्दा हुन आउने रकम ।)

(ङ) "आयोजना" भन्नाले यस ऐन सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नयाँ पूर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, संचालन वा व्यवस्थापन सम्झनुपर्छ र सो शब्दले देहायका कुरा समेत जनाउँनेछ ।

(१) मौजुदा पूर्वाधार संरचनाको पुर्नस्थापना, आधुनिकीकरण, विस्तार वा संचालन तथा व्यवस्थापन,

(२) विकास निर्माणको कार्य,

(३) सार्वजनिक सेवा सुविधाको प्रवाह ।

(च) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) "निजी निकाय" भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय संझनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक संस्था वा गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ज) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुर्नस्थापना सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "पुर्नस्थापना" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुर्नस्थापना गर्ने काम सम्झनुपर्छ ।

(ट) "पूर्वाधार संरचना" भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामीण सडक, पुल, अस्पताल, नहर, साना विद्युत उत्पादन तथा वितरण, वैकल्पिक उर्जा, केबुलकार लाइन, ट्रली बस संरचना, ट्रामवे, प्रदर्शनीस्थल, पार्क, जलासय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापनप्लाण्ट, कृषि, वन, सिचाई तथा पर्यटनसंग सम्बन्धित संरचना, रंगशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन वा सार्वजनिक गोदामघर सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ ।

(ठ) "लेखाजोखा समिति" भन्नाले दफा १२ को उपदफा (१) बमोजिम स्थापना हुने आयोजना लेखाजोखा समिति सम्झनुपर्छ ।

(ड) "संझौता" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा २९ बमोजिम प्रस्तावकसंग गरिएको संझौता सम्झनुपर्छ ।

(ढ) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, वातावरणीय अध्ययन, विस्तृत संभाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्यलाई सम्झनुपर्छ ।

(ण) "सानिसा इकाइ" भन्नाले दफा ११ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनि निजी साझेदारी इकाई सम्झनुपर्छ ।

(त) "सानिसा समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारी समिति सम्झनुपर्छ ।

(थ) "सार्वजनिक निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ताबिच स्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम बेहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, संचालन, पुर्नस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ४ मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनुपर्छ ।

(द) "स्थानीय सरकार" भन्नाले अपिहिमाल गाउँपालिकालाई सम्झनुपर्छ ।

(ध) "आव्हान नगरिएको प्रस्ताव" भन्नाले सम्बन्धित निकायले सार्वजनिक सुचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वयंले कुनै आयोजना विकास गर्ने उद्धेश्यले आशय प्रकट गरी पेश गरेको प्रस्ताव सम्झनुपर्छ ।

(न) "शुल्क" भन्नाले अनुमति प्राप्त व्यक्तिले सेवा सुविधा उपलक्ध गराए वापत उपभोक्तासंग लिने सेवा शुल्क सम्झनुपर्छ ।

(प) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

परिच्छेद-२

सार्वजनिक निजी साझेदारीको ढाँचा

३. सार्वजनिक निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने

(१) पूर्वाधार संरचना सम्बन्धी कुनै आयोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक निजी साझेदारी आयोजनामा देहाय विशेषताहरु मध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछ ।

(क) पूर्वाधार सेवाको निर्माण, पुर्नस्थापना वा आधुनिकीकरण गर्ने उद्धेश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको संचालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको संचालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन संझौता भएको,

(ग) निजी निकायलाई पूर्व निर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसंग आबद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम बेहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको संझौता अवधी स्पष्ट भएको ।

४. सार्वजनिक निजी साझेदारीका ढाँचाहरु

(१) सार्वजनिक निजी साझेदारीबाट आयोजना कार्यान्वयन गर्दा देहायका कुनै तरीका अपनाउन सकिनेछ :

(क)निर्माण तथा हस्तान्तरण,

(ख)निर्माण, संचालन तथा हस्तान्तरण,

(ग)निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा संचालन,

(ङ) लिज, संचालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, संचालन तथा हस्तान्तरण,

(छ) विकास, संचालन, तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, संचालन तथा हस्तान्तरण,

(झ) पुर्नस्थापना, संचालन तथा हस्तान्तरण,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि पुर्नस्थापना भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुनर्स्थापना गर्ने कार्य संझनु पर्छ ।

४. (२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्दा कुनै आयोजनाको निर्माण, संचालन, पुर्नस्थापना, मर्मत संभार तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

५. सार्वजनिक निजी साझेदारी नमानिने अवस्था

यस ऐनको प्रयोजनको लागि आयोजना सम्बन्धी वित्तीय, प्राविधिक, संचालन वा जोखिम सम्बन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागिता नरही स्थानीय सरकारले निजी निकायबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्धेश्यबाट संचालन हुने कार्यलाई सार्वजनिक निजी साझेदारी प्रबन्ध मानिने छैन ।

६. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजना

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका आयोजना सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन ।

(क) आयोजना सम्बन्धी वित्तीय, प्राविधिक वा संचालन सम्बन्धी जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्धेश्यबाट संचालन हुने,

(ख) सार्वजनिक सम्पति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुने आयोजना,

(च) स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने भनि अलग गरिएका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने आयोजनाहरु ।

७. सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरु

(१) देहायका मुख्य आधारहरमा सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ ।

(क) स्थानीय सरकारले त्यस्तो आयोजनाको लागत बेहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनको लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) आयोजना आर्थिक रुपमा संभाव्य भए वा नभएको,

(घ) स्थानीय सरकार र निजी निकायबिच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क) आयोजनाको उद्धेश्य पुरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजनाको लागि निजी निकायको साधन श्रोत उपलब्ध भएको,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, संचालन तथा मर्मत संभारमा निजी निकायले वहन गर्न सक्ने भुमिका भएको,

(घ) संभावित लगानीकर्ताहरुद्धारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्धारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना संझौताको अवधी उल्लेख भएको,

(ञ) जटिल प्रकतिका सार्वजनिक निजी साझेदारी संझौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

८. **यस ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस ऐन अन्तर्गतको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यस ऐनको व्यवस्था बमोजिम गरिनेछ ।

परिच्छेद-३

संस्थागत संरचना

९. कार्यपालिका

(१) देहायका आयोजनाहरुको लागि संभाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्न कार्यपालिकाबाट हुनेछः

(क) १ करोड रुपैया भन्दा बढी अनुमानित लागत भएको,

(ख) संभाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग

आवश्यक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसंगको साझेदारी वा

सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

तर उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने कार्य भने दफा १० बमोजिमको सानिसा समितिले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निजी साझेदारीसंग सम्बनिधत सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) उपदफा (१) बमोजिमको सार्वजनिक निजी साझेदारीका आयोजनाहरुको संभाव्यता

अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना संझौता लगायत आयोजनालाई

खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा संचालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध

निकायहरुसंग आवश्यक समन्वय गर्ने ।

१०. सार्वजनिक निजी साझेदारी समिति

(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको एक सार्वजनिक निजी साझेदारी समिति रहनेछः

(क) अध्यक्ष ..... अध्यक्ष

(ख) उपाध्यक्ष ..... उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत .....सदस्य

(घ) योजना शाखाको प्रमुख ..... सदस्य

(ङ) आर्थिक प्रशासन शाखाको प्रमुख सदस्य

(च) राजस्व शाखाको प्रमुख .....सदस्य

(छ) अर्थशास्त्र, वाणिज्य, इन्जिनियरिङ वा कानुन विषयमा स्नातक गरी सार्वजनिक निजी साझेदारी आयोजनामा कार्य गरेको अनुभव प्राप्त व्यक्तिलाई अध्यक्षले दुई वर्षका लागि मनोनित गरेको एक जना विज्ञ सदस्य

(ज) उद्योग तथा वाणिज्य सम्बन्धी संघ संस्थाका प्रतिनिधिहरुबाट सानिसा समितिले दुई वर्षका लागि मनोनित गरेको एक महिलासहित दुई जना सदस्य

(झ) पूर्वाधार शाखा प्रमुख सदस्य सचिव

(२) दफा ९ को उपदाफा (१) उल्लेखित आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना संझौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

(३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. सानिसा इकाई

(१) दफा १० को उपदफा (२) को अधीनमा रही आयोजनाको तयारी, विकास, मुल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, संझौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध शाखाका शाखा प्रमुखहरु रहने गरी सानिसा इकाईको गठन गर्नेछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको मूल्यांकन गर्ने,

(ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

(ग) आयोजनाको संभावित अध्ययन गर्ने, गराउने,

(घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

(ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

(च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

(छ) छनौट भएको प्रस्तावकसंग वार्ता गर्ने तथा आयोजना संझौता गर्ने,

(ज) आयोजना संझौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसंग समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) सानिसा समितिको बैठकको कार्यविधि र निर्णय सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. लेखाजोखा समिति

(१) कार्यपालिका बैठकबाट यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयुक्ततताको लेखाजोखा गर्न सम्बन्धित विषयको बिशेषज्ञ समेत रहने गरी बढीमा ५ जना सदस्य रहेको एक लोखाजोखा समिति गठन गर्नेछ ।

(२) संभाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरीद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धि कागजात, मस्यौदा आयोजना संझौता र सोको संभाव्यता अध्ययनको उपुक्ततताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्ततताको लेखाजोखा गर्दा दफा ७ मा उल्लेखित आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) कमोजिम आयोजनाको उपयुक्ततताको लेखाजोखा गरे पछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफुले उपयुक्ततताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नु पर्नेछ ।

(६) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुनले आयोजना लागत आयोजनाको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्ततताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानुन बमोजिम गराइनेछ ।

(७) लेखाजोखा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-४

आयोजनाको पहिचान र स्वीकृति सम्बन्धी व्यवस्था

१३. आयोजनाको पहिचान गर्ने

(१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा सानिसा समितिले संभाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

१४. प्राथमिकता निर्धारण गर्ने

(१) सानिसा समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्ने ।

(२) उपदफा (१) बमोजिम आयेजना कार्यान्वयन गरिने आयोजनाहरुको प्राथमिकता क्षेत्र कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. आयोजना स्वीकृत गराउनु पर्ने

(१) सानिसा समितिले दफा ९ को उपदफा (१) मा उल्लेखित आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमका विवरण खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गराउँदा उक्त आयोजना कुन तरीकाबाट कार्यान्वयन गर्न सकिने हो सो समेत उल्लेख गर्नुपर्ने छ ।

(३) कुनै आयोजना एकभन्दा बढी तरीकाबाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा बढी तरीका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

(४) दफा ९ को उपदफा (१) मा उल्लेखित आयोजनाहरु बहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वीकृत भएका आयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

परिच्छेदः ५

आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

१६. खरिद प्रक्रियाका चरणहरु

(१) यस ऐन बमोजिम पहिचान र स्वीकृत भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) मनसायपत्र आव्हान गर्ने ।

(ख) संक्षिप्त सूची तयार गर्ने,

(ग) प्रस्ताव माँग गर्ने,

(घ) प्रस्तावको मूल्यांकन गरी छनौट गर्ने,

(ङ) प्रस्ताव स्वीकृत गर्ने,

(च) छनौट भएका प्रस्तावसंग आयोजना संझौता गर्ने,

(छ) आव्हान नगरिएका प्रस्ताव कार्यान्वयन गर्न तोकिए बमोजिम अनुमति प्रदान गर्ने,

(ज) वार्ताद्धारा तोकिए बमोजिम आयोजना अनुमति प्रदान गर्ने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दश करोड रुपैया भन्दा कम अनुमानित लागत भएका आयोजनाहरुको हकमा तोकिए बमोजिम सोझै प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा एकै चरणमा माँग गर्न सकिनेछ ।

१७. मनसायपत्र आव्हान गर्न सक्ने

(१) सानिसा इकाईले दफा १५ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाहित सूचनामा उल्लेखित समयावधिभित्र सानिसा इकाई समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ ।

१८. संक्षिप्त सूची तयार गर्ने

सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तिस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी साको संक्षिप्त सूची तयार गर्नेछ ।

१९. प्रस्ताव आव्हान गर्ने

(१) सानिसा इकाईले दफा १८ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेश गर्ने व्यक्तिबाट आयोजना कार्यान्वयन गर्ने सम्बनधमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

२०. सोझै प्रस्ताव आव्हान गर्न सक्ने

दफा १७ मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै संभाव्यता अध्ययन भइसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाइले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आव्हान गर्न सक्नेछ ।

२१. प्रस्तावको मूल्यांकन गर्ने

(१) सानिसा इकाईले प्राप्त प्रस्तावहरको मूल्यांकन गर्न प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मूल्या.कन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) कमोजिमको समितिले प्रस्ताव प्रापत भएको मितिले तीस दिभित्र सम्पूर्ण प्रस्तावहरुको देहायका आधारमा मूल्ल्यांकन गर्नु पर्नेछ ।

(क) प्रस्तावकको प्राविधिक क्षमता र आर्थिक हैसियत,

(ख) तोकिएको समयमा काम सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ग) आयोजनाको प्रकृति अनुसार सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(घ) आयोजना कार्यान्वयन गर्दा उपभोक्तासंग कुनै शुल्क लिने भए त्यस्तो प्रस्तावित शुल्क,

(ङ) प्रस्तावित सेवाका स्तर,

(च) नवीनतम वा उन्नत प्रविधिको प्रयोग,

(छ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) मूल्यांकन समितिले उपदफा (२) बमोजिम मूल्यांकन सम्पन्न गरी सोको प्रतिवेदन सानिसा इकाई समक्ष पेश गर्नेछ ।

२२. प्रस्ताव छनौट गर्ने

(१) सानिसा इकाईले दफा २१ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पैतालीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ ।

(२) उपदाफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सानिसा इकाईले सोको जानकारी छिटो साधनद्धारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

२३.वार्ताद्धारा आयोजना कार्यान्वयन गर्न सक्ने

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा कुनै आयोजना वार्ताद्धारा कार्यान्वयन गराउन सक्नेछः

(क) यस ऐन बमोजिम कम्तीमा दुई पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतका कारण आर्थिक वा प्राविधिक कारणले प्रतिस्पर्धा हुन सक्ने संभावना नभएकामा,

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) स्थानीय सामुदायिक संघ संस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको,

(ङ) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना ।

(२) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्धारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्धारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

तर दफा ९ को उपदफा (१) मा उल्लेखित आयोजनाहरु वा दफा २३ को उपदफा (१) को खण्ड -ख) र (ग) का आयोजनाहरु भए सानिसा समितिले त्यस्ता आयोजनाहरु कार्यान्वयन गर्न कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदनको विस्तृत मूल्यांकन गर्दा वार्ताद्धारा सो आयोजना कार्यान्वयन गर्न उपुक्त देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

(५) यस दफा बमोजिम वार्ताद्धारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिले निवेदकसंग दफा २५ बमोजिमको विवरण माग गर्न सक्नेछ ।

२४. समझदारीपत्र गर्न सक्ने

दफा २२ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माँग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावकसंग आयोजनाको कार्यान्वयन गर्नको लागि दफा २९ बमोजिम संझौता गर्न सक्नेछ ।

तर विस्तृत आयोजना विवरण तयार नभएको आयोजनाको हकमा भने त्यस्तो आयोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसंग प्रारम्भिक आयोजना संझौता गर्न सक्नेछ ।

२५. विवरण पेश गर्नुपर्ने

(१) दफा २४ बमोजिम विवरण पत्र वा प्रारम्भिक आयोजना संझौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौतामा उल्लेखित समयावधि र संझौतापत्र वा प्रारम्भिक आयोजना संझौता नगरेकोमा आयोजनाको प्रकृति हेरी दुई सय सत्तरी दिनमा नबढ्ने गरी सानिसा इकाईले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

२६. रद्ध गर्न सक्ने

(१) दफा २५ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न संभाव्य र उपयुक्त नदेखिएमा सानिसा इकाईले सो कारण खुलाई प्रस्तावकसंग समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक आयोजना संझौता नगरेकोमा निजको प्रस्ताव रद्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक आयोजना संझौता वा प्रस्ताव रद्ध भएमा प्रस्तावकले सानिसा इकाईसंग कुनै किसिमको हानि नोक्शानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

२७. वार्ताद्धारा आयोजना विस्तृत संभाव्यता अध्ययन गर्न सक्ने

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आफ्नै लगानीमा संभाव्यता अध्ययन गर्न सक्नेछ । अन्य कुराहरुको हकमा दफा २३ बमोजिम नै कार्यान्वयन गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम विस्तृत अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराइएको अवस्थामा यस उपदफा बमोजिम विस्तृत संभाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत संभाव्यता अध्ययन गर्दा गराउदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले बेहोर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याकनकर्ताबाट गराइनेछ ।

(४) यस दफा बमोजिम आयोजनाको सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ ।

२८. सोझै प्राप्त भएको प्रस्ताव मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट आयोजना कार्यान्वयन गर्नको लागि सोझै प्राप्त भएका प्रस्तावलाई सानिसा समितिमा तोकिए बमोजिमको ढाँचामा प्रस्ताव पेश गरी लाग्ने दस्तुर तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः

(क) आयोजनाको विवरण

(ख) प्रस्तावको प्राविधिक तथा वित्तीय क्षमता सहितको पार्श्वचित्र विवरण

(ग) आयोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन

(घ) प्रस्तावित व्यावसायिक योजना

(ङ) आयोजनामा प्रयोग हुने प्रविधि

(च) आयोजनाबाट प्राप्त हुने संभावित लाभको विवरण

(३) उपदफा (१) बमोजिम प्रस्ताव दफा २१ को उपदफा (१) बमोजिमको मूल्या.कन समितिको सिफारिसको आधारमा सो आयोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा आयोजना विकास वा संचालनको लागि तोकिएको प्रक्रिया पुरा गरी तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको आयोजना प्रस्तावलाई मूल्यांकन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने आयोजना प्रतिस्पर्धाको आधारमा अगाडी बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई स्वीस च्यालेन्जको आधारमा तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सकिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि स्वीस च्यालेन्ज भन्नाले सम्बन्धित निकायले कुनै सेवा, क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक आयोजनाका लागि आव्हान नगरिएको प्रस्ताव गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रकृयाबाट तेश्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्यांकन गरिने विधि संझनु पर्छ ।

(५) उपदफा (१) बमोजिमका प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएकामा स्वीकृत भएको प्रस्तावकर्ताबाट आयोजना प्रारम्भिक खर्च र अध्ययन तथा विकास सम्बन्धि कुनै खर्च भएको अवस्थामा सो समेत तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय समुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि आयोजनाको अनुमानित लागत पाँच करोड रुपैया भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्धारा सम्बन्धित स्थानीय सामुदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

२९. संझौता गर्ने

(१) दफा २५ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसंग संझौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसंग आवश्यकता अनुसार वार्ता गरी संझौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संझौतामा सानिसा समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

(३) प्रस्तावकले दफा २५ को उपदफा (१) बमोजिमको विवरण संझौतामा लेखिएको अवधीभित्र पेश गर्नुपर्नेछ । सो अवधीभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसंग भएको संझौता स्वतः रद्ध भएको मानिनेछ ।

३०. संझौतामा खुलाउनु पर्ने कुराहरु

संझौतामा देहायका कुराहरु खुलाउनु पर्नेछः

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा संचालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा

सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधी,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना संचालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अवधीमा जोखिम व्यवस्थापन गरिने विधि,

कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका

वस्तुगत आधार र मापदण्ड,

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लिजमा दिएको भए सो को विवरण र लिजका शर्तहरु,

(ट) आयोजना संचालन वा हस्तान्तरण शर्त,

(ठ) आयोजना संचालन गर्दा उपभोक्तासंग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको वीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले संझौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने क्षतिपूर्ति भराउने, संझौता उलंघन गर्ने पक्षले बेहोर्नु पर्ने दायित्व तथा संझौता रद्ध हुने अवस्था,

(थ) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(द) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(ध) कानुनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संरक्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(न) लागु हुने कानुन, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया,

(प) संभाव्य न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) अन्य आवश्यक कुराहरु,

(भ) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(म) थप आयोजना अध्ययन तथा संचालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(य) सवलिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(र) आयोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(ल) विवाद समाधान सम्बन्धी व्यवस्था ।

३०. क. संझौता कार्यान्वयन

(१) दफा २९ बमोजिम सम्पन्न भएको संझौता कार्यान्वयनको लागि सम्बन्धित निकायबाट संझौताको शर्त बमोजिम पूरा गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले बहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संझौता कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसंग सानिसा इकाइले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने गराउनेछ र त्यस्तो संझौतामा उल्लेखित शर्तहरुको पालना गर्नु सम्बन्धित सरोकारवाला निकायको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम संझौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले संझौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

३० . ख. संझौता रद्ध गर्न सकिने

(१) दफा ३०.क. बमोजिम गरिएको संझौतामा उल्लेखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्बन्धित निकायले खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा प्रस्तावकले संझौतामा उल्लेख भएको अवस्थामा बाहेक सम्बन्धित निकायसंग कुनै किसिमको हानि नोक्शानी वापतको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासंग भएको संझौता खारेज गर्दा सो संझौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

३०. ग. आयोजनामा भएको लगानीको सुरक्षा र संरक्षण

(१) यस ऐन अन्तर्गत अनुमति प्राप्त आयोजनालाई सार्वजनिक प्रयोजनको लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अतिग्रहण गरिने छैन । सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गर्नु पर्दा प्रचलित कानुन बमोजिमको उचित प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(२) यस ऐन अन्तर्गत कार्यान्वयन भएको आयोजनाको संझौता बमोजिम हुनेगरी अन्य स्वदेशी उद्योग सरहको समान व्यवहार गरिनेछ । तर संघीय कानुन बमोजिम राष्ट्रिय व्यवहार लागु नहुने विषयको हकमा सोही बमोजिम हुनेछ ।

३१. कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था

प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कूल लागतको शुन्य दशमलब पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी संझौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेण्टी आयोजनाको वित्तीय समापन सम्पन्न नभएसम्मका अवधीका लागि सानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

३२. रीत पुगेको मानिने

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम सानिसा समितिबाट आयोजना स्वीकृत भई दफा ३३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुर्‍याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र वहाल रहेको अवधीभर प्रतिकूल हुने गरी सभा वा कार्यपालिकाबाट कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र संझौता प्रतिकूल हुने गरी गरिएको कुनै कानून, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

परिच्छेदः ६

अनुमतिपत्र सम्बन्धी व्यवस्था

३३. अनुमतिपत्र प्रदान गरिने

दफा २९ बमोजिम संझौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३४. अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने

आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिइसकेपछि संझौतामा लेखिए बमोजिम सोही क्षेत्रमा आयोजालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिने छैन ।

३५. अनुमतिपत्रको अवधी

(१) अनुमतिपत्रको अवधी तीस वर्षमा नबढाई संझौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए पनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधी बढाउन आवश्यक भएको कारण खुलाई अवधी थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको बेहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधी थप गर्न सक्नेछ ।

(३) अनुमतिपत्रको अवधी तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३६. अनुमतिपत्र रद्ध गर्न सकिने

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले संझौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा संझौता विपरित कुनै काम गरेमा सानिसा समितिले अनुमतिपत्र प्राप्त व्यत्तिलाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्ध भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसंग गरिएको संझौता स्वतः रद्ध भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्ध भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा समितिसंग कुनै किसिमको दावी गर्न पाउने छैन ।

३७. रोयल्टी बुझाउनु पर्ने

रोयल्टी बुझाउने संझौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले संझौता बमोजिमको रोयल्टी संझौतामा उल्लेखित तरीकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

३८. आयोजना हस्तान्तरण गर्नु पर्ने

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले संझौतामा लेखिएको बमोजिम स्थानीय सरकारलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण गर्ने मितिले कम्तीमा एक वर्ष अगाडी देखि सानिसा इकाईको सुपरिवेक्षणमा संझौतामा उल्लेख भए बमोजिम आवश्यक मर्मत संभार गरी हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि सानिसा इकाईले प्रतिनिधिहरु खटाई पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशीन, उपकरण तथा संरचना संझौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनु पर्नेछ ।

३९. स्थानीय सरकारको स्वामित्व हुने

यस ऐन बमोजिम हस्तान्तरण भएको आयोजना र त्यस्तो आयोजनामा जडित मेशीन, उपकरण र अन्य संरचना तथा आयोजनासंग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व स्थानीय सरकारको हुनेछ ।

परिच्छेदः ७

लगानी सम्बन्धी व्यवस्था

४०. अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने

(१) संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशीन उपकरण धितो राखी ऋण लिंदा सानिसा समितिको स्वीकृत लिनु पर्नेछ ।

तर स्थानीय सरकारले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पति धितोमा राख्न पाईने छैन ।

४१. स्थानीय सरकारले संयुक्त लगानी गर्न सक्ने

(१) उपदफा (२) मा उल्लेखित आधार कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चीस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछः

(क) आयोजनाको आर्थिक संभाव्यता बृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा संचालनमा सानिसा समितिको उपस्थिति बलियो हुने

भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

(३) उपदफा (१) बमोजिमको लगानी आयोजना कार्यान्यन गर्ने निजी निकायले स्थानीय सरकारको हिस्सा लिन चाहेमा आयोजनाको प्रचलित मुल्यमा हिसाब गरी दिन सकिनेछ ।

४३. भुक्तानी संझौता गर्न सक्ने

अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा ४६ बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा ३० बमोजिम संझौता भएकोमा कार्यपालिकाले एकमुष्ठ रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी संझौता गर्न सक्नेछ ।

४४. संभाव्यता न्यून परिपूर्ति कोष

(१) स्थानीय सरकारले संभाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन संभाव्यता न्युन परिपुर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको कानुन बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले संभाव्यता न्युन परिपुर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई उपलब्ध गराउन सहयोग गरिनेछ ।

(३) संभाव्यता न्युन परिपुर्ति कोषको स्थापना तथा सो को संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेदः ८

अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

४५. राष्ट्रियकरण नगरिने

अनुमतिपत्रको अवधीभर कुनै पनि आयोजना र सो संग सम्बन्धित जग्गा, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

४६. शुल्क उठाउन पाउने

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले निर्माण वा संचालन गरेको आयोजनाबाट सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासंग शुल्क उठाउन सक्नेछ ।

(२) आयोजना संझौतामा उपदफा (१) बमोजिमको शुल्क संझौतामा उल्लेख भए बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने व्यवस्था राख्न सकिनेछ ।

४७. घर जग्गा आदिमा प्रबेश गर्न सक्ने

(१) आयोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक श्रोत र साधनको परिक्षण गर्न, त्यसको लागि आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रिम सुचना दिई घर जग्गा आदिमा प्रबेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रबेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशीनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिव क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रबेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रबेश गर्नु पर्नेछ ।

४८. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने

(१) आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दुरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा संझौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले सानिसा इकाई समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा सानिसा समितिले प्रचलित कानुन बमोजिम

त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्शानी वापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्शानीको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैतीस दिन भित्र सानिसा इकाई समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमाजिम परेको उजुरी उपर नब्बे दिनभित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा सानिसा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

४९. घर जग्गा प्राप्त गरिदिने

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरीद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा वा संझौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले बेहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा सानिसा समितिले कार्यपालिकाको स्वीकृति लिई त्यस्तो जग्गा संझौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ ।

५०. आयोजनाको सुरक्षा गर्न सक्ने

(१) आयोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि सानिसा इकाई समक्ष अनुरोध गरेमा सो वापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्ता आयोजनाको सुरक्षाको व्यवस्था गर्न सानिसा इकाईले आयोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५१. सहयोग उपलब्ध गराउनु पर्ने

(१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सानिसा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम संझौतामा उल्लेखित तरीका र अवधीभित्र गरि दिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माँग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो वापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी सानिसा समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

५२. विदेशी विनिमयको सुविधा

आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ ।

५३. विस्फोटक पदार्थको प्रयोग

आयोजनाको कार्यान्वयनको लागि विस्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघीय कानूनको अधीनमा रही अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विस्फोटक पदार्थको प्रयोग गर्न अनुमतिपत्र दिईनेछ ।

५४. कानून बमोजिमको सुविधा पाउने

यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

५५. सेवा सुविधाको शर्त तोक्न सक्ने

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा संझौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

परिच्छेदः ९

विवाद समाधान सम्बन्धी व्यवस्था

५६. छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधान

(१) कार्यपालिका वा सानिसा समितिले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी प्रबन्ध अन्तर्गत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य नगरेकोले आफुलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो निर्णय वा पुनरावलोकनका लागि सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिने निवेदन संझौता हुनुभन्दा अघिको कारवाहीका सम्बन्धमा सीमित हुनेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिदा सानिसा समितिले प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि गरेको वा पालना गर्नु पर्ने कर्तव्य नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको सात दिनभित्र निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानवीन गर्दा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि देखिए वा सानिसा समितिले पालना गर्नु पर्ने कर्तव्य पालना नगरिएको देखिए वा त्यस्तो निर्णय कानून विपरित देखिएमा सानिसा समितिको प्रमुखले त्यस्तो कारवाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही कसरी अगाडी बढाउने भन्ने कुरा समेत उल्लेख हुनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको निर्णयमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५७. संझौता अन्तर्गतको विवादको समाधान

आयोजना संझौतामा प्रचलित कानून लागु हुनेछ ।

(१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

(२) यस दफामा आपसी समझदारीमा विवाद उत्पन्न भई तीस दिनसम्म पनि विवाद समाधान नभएमा त्यस्तो विवादको समाधान संझौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्धारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्धारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि संझौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागू हुने कानून र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नु पर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

५८. क्षतिपूर्ति सम्बन्धी व्यवस्था

(१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा संझौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानी नोक्शानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्शानी वापतको मनासिव माफिकको रकम नोक्शानी गर्ने पक्षले अर्को पक्षलाई तीस (३०) दिनभित्र क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) प्रयोजनको लागि क्षतिको मूल्यांकन स्वतन्त्र मूल्यांकनकर्ताबाट गराउन सकिनेछ ।

(३) क्षतिको मूल्यांकन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेदः १०

विविध

५९. गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत आयोजना कार्यान्वयन गर्न सकिने

तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ ।

६०. संघ, प्रदेश वा अन्य स्थानीय सरकारसंग मिली आयोजना कार्यान्वयन गर्न सक्ने

संघ, प्रदेश वा अन्य स्थानीय सरकारसंगको सहकार्य र समझदारीमा यस ऐन अन्तर्गतको सार्वजनिक निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

६१. निर्देशन दिन सक्ने

सानिसा इकाईले संझौतामा उल्लेखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

६२. लिज वा भाडामा दिन, बेचबिखन गर्न सक्ने

(१) सानिसा इकाईले अनुमतिपत्र प्राप्त व्यक्तिलाई स्थानीय सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशीन, औजार विक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाको शर्तहरु संझौतामा लेखिए बमोजिम हुनेछन् ।

६३. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने

अनुमतिपत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा संभव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

६४. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने

प्रस्तावकले प्रस्तावमा पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकले लिखित स्वीकृति विना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

६५. नियम बनाउने अधिकार

यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

६६. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने

सानिसा समितिले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

६७. म्याद थप गर्न सक्ने

मनसायपत्र आव्हान गर्ने, संक्षिप्त सूची तयार गर्ने, प्रस्ताव आव्हान गर्ने, प्रस्ताव मूल्यांकन गर्ने लगायतका आयोजनाको खरिद प्रक्रिया सम्बन्धमा ऐनमा तोकिएको म्याद कुनै खास आयोजनाको हकमा थप गर्न आवश्यक वा उपयुक्त भएमा सो सम्बन्धमा आधार र कारण खुलाई सानिसा समितिले निर्णय गरी म्याद थप गर्न सक्नेछ ।

६८. यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

लक्ष्मण सिंह धामी

प्रमुख प्रशासकीय अधिकृत